..................................

..............................................

.......................................................

# प्रस्तावित कृषि विकास रणनीति परिमार्जनकालागि प्रतिबद्ध हुन आह्वान


डा. कृष्ण पौडेल
खाद्यका लागि कृषि अभियान
सम्पर्क: ०१-५५५०६३१

उद्धव अधिकारी
राष्ट्रिय कृषक समूह महासंघ
सम्पर्क: ०१-४३५६२०१

सोम प्रसाद भण्डारी
राष्ट्रिय भूमि अधिकार मञ्च
सम्पर्क: ०१-६९१४५८६


२०७१ जेष्ठ, काठमाण्डौ

# प्रस्तावित कृषि विकास रणनीति परिमार्जनकालागि प्रतिबद्ध हुन आह्वान

एशियाली विकास बैङ्क नेतृत्वको दातृ समूहले नेपाल सरकारकालागि अङ्ग्रेजीमा तयार गरिदिएको **कृषि विकास रणनीति**को दस्तावेज कृषि मन्त्रालयको वेब साइटमा सार्वजनिक गरिएको छ । यो रणनीति नागरिक तहमा समीक्षा गर्दा परिमार्जन नगरि कार्यान्वयन हुन उपयुक्त नदेखिएकाले यसको संक्षिप्त टिप्पणी सहित सुझावहरु उल्लेखगरी परिमार्जनकालागि पहलगर्न सम्बन्धित सबैपक्षसँग आह्वान गर्दछौँ ।

## सकारात्मक पक्ष

यो रणनीतिको निर्माण तुलनात्मक रुपमा यस्तै किसिमका अन्य राष्ट्रिय नीति निर्माणको प्रक्रियाभन्दा बढी सरोकारसमूहको परामर्शमा तयार गरिएको छ । यो दस्तावेजले दीर्घकालीन कृषि योजना सफलतापूर्वक लागूहुन नसक्नुका थुप्रै कमिकमजोरिहरुको विश्लेषण गरेको छ । किसानहरुको वर्गीकरण र किसान अधिकारकालागि उच्चस्तरीय आयोगको व्यवस्था गर्ने, स्थानीय स्तरमा कृषि तथा पशु विकास प्राविधिक सेवाको व्यवस्था गर्न सामुदायिक कृषि सेवा केन्द्र स्थापना गर्ने जस्ता प्रस्तावहरु उल्लेख गरेको छ । यसमा कृषि विकास रणनीति कार्यान्वयनका लागि कृषि विकास कोष स्थापना गर्ने, वैदेशिक प्रत्यक्ष लगानी (Foreign Direct Investment) नियमन गर्ने र अनुवंश परिवर्तित (Genetically Modified) बिउबिजनको प्रयोगमा प्रतिबन्ध लगाउने जस्ता सकारात्मक प्रस्ताव गरिएको छ ।

# मुख्य सवाल

विश्वमा नै कसरी कृषि उत्पादन प्रणाली दिगो बनाउने भन्ने चिन्तन भइरहेको बेला यो रणनीति समग्रमा परम्परागत उच्च लगानीको व्यापारमुखी कृषि विकासको सोचमा तयार भएको छ । भौगोलिक विविधता अनुकूलका तुलनात्मक लाभका बालीहरुमा भन्दा यसको जोड अन्य प्रतिस्पर्धी देशहरुले गर्ने जस्ता कृषि उपजमा नै छ । खाद्य तथा पोषण असुरक्षा भोगिरहेका लाखौं नेपाली महिला, साना र भूमिहिन किसानहरुको मुख्य जीविकाको आधार कृषिलाई खाद्यान्न र पोषणका दृष्टिले हेर्न सकेको छैन । यो रणनीतिको दूरदृष्टि, ढाँचा र कार्यान्वयनको कार्यदिशामा स्पष्टता देखिँदैन । तल यसमा हाम्रा मूल चासाहरु प्रस्तुत गरिएका छन् :

- ***जनजीविका, खाद्य तथा पोषण सुरक्षाकालागि आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी र समावेशी कृषिले आर्थिक विकासगर्ने सात वटा दूरदृष्टिका आयामहरु समेटिएको प्रस्तावित कृषि विकास रणनीतिका सूचक र अपेक्षित उपलब्धिको प्रक्षेपण*** *जसरी प्रस्तुत गरिएको छ त्यो वस्तुनिष्ठ र व्यावहारिक देखिदैंन । उदाहरणकालागि वर्षैभरी सिञ्चित भूभाग १८ प्रतिशतबाट २० वर्ष भित्रमा ८० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ तर यो कसरी सम्भव हुन्छ उल्लेख छैन (पेज ३) ।*
- ***खाद्य तथा पोषण सुरक्षा, गरिबी निवारण, प्रतिस्पर्धात्मक कृषि व्यापार, उच्च आम्दानी प्रवर्द्धन र किसानको अधिकार संरक्षणगर्न समावेशी, दिगो, बहुपक्षीय तथा समन्वयात्मक कृषि विकासकालागि सुशासन, उत्पादकत्व, नाफामूलक र प्रतिस्पर्धामा आधारित कृषि विकास*** *रणनैतिक ढाँचाको रुपमा प्रस्तुत गरिएको छ (पेज ३) ।* ***कुल संशाधन उत्पादकत्व (Total Factor Productivity) को ढाँचामा*** *(पेज ५) प्रस्तुत यो रणनीतिले नेपाली आर्थिक सामाजिक तथा भौगोलिक विशेषतामा आधारित कृषि विकासको व्यावहारिक मार्गचित्र देखाउन सकेको छैन ।* ***किसानलाई व्यापारी किसान,***

***निर्वाहमुखी साना किसान र भूमिहीन किसानमा वर्गीकृतगरी उनीहरुका फरकफरक आवश्यकतालाई सम्बोधनगर्ने*** *भनिएता पनि यो दस्तावेजले व्यापारमुखी उच्च लगानीको कृषिमा नै जोड दिएको छ (पेज ७) । ठाऊँठाऊमा साना र निर्वाहमुखी किसानको उल्लेख गरिएपनि उनीहरुको खाद्य सुरक्षा र सानो तहमा उत्पादन प्रवर्द्धन गर्ने रणनीति यो मस्यौदामा देखिदैँन जसले गर्दा आत्मनिर्भर महिला, साना र भूमिहिन किसानहरुले लाभ लिन सक्दैनन् उल्टै नकारात्मक असर थपिने देखिन्छ । यस रणनीतिले महिला, साना र भूमिहिन किसानको आत्मसम्मान र पहिचानको सवाल सम्बोधन गर्न सकेको छैन ।*

- ***किसानको अधिकारकालागि उच्चस्तरीय आयोग र कृषि विकास रणनीति समन्वय तथा व्यवस्थापन समितिहरुको प्रस्तावना*** *गरिएको छ (पेज ८७) । तर अहिलेको कृषि विकास मन्त्रालयको संरचनामा यसको तालमेल कसरी हुन्छ त्यसमा स्पष्टता देखिदैँन । बाझिएका कानुन, ऐन तथा नियमावलीमा एकरुपता ल्याउनुपर्ने कुरा उल्लेख गरिए तापनि यो कसबाट र कसरी हुन्छ स्पष्ट छैन । यहि रणनीतिका बारेमा पनि पर्याप्त बहस भएर समर्थन जुटाइएको अनुभव हुँदैन । स्मरण रहोस्, अघिल्लो दिर्घकालिन कृषि योजनामा संरचनागत तालमेलको कमि असफलताको एक मूल कारणका रुपमा यहि रणनीतिमा नै औंल्याइएको छ ।*
- *कृषिको रुपान्तरणकालागि* ***भूमि व्यवस्थापनको अपरिहार्यतालाई यो रणनीतिले उपदेशमा*** *मात्र सीमित गरेको छ (पेज १०) । प्रभावकारी कृषि पद्धतिकालागि आप्रवास, शहरीकरण, कृषि श्रमको बढ्दो महिलाकरण, जलवायु परिवर्तनको प्रभाव र बढ्दो खाद्यान्न आयात जस्ता आधारभूत पक्ष केलाउँदै भू-वितरण र उपयोगको स्पष्ट खाका कोरिनुपर्दछ । यो समस्याबाट भागेर कृषिको विकास हुन सक्दैन । भुमिसुधारका विषयमा रणनीति पत्र बोलेको छैन । भुमिसुधार विनाको कृषि विकासले गरिवी निवारणलाई पनि सहयोग गर्न सकेको देखिदैन ।*

- *जलवायु परिवर्तनका प्रतिकूल प्रभाव दिन प्रतिदिन बढिरहेको सन्दर्भमा कृषि क्षेत्रमा हुने जोखिम घटाउँदै जलवायु परिवर्तन अनुकूल कृषि प्रणालीलाई प्रवद्धन गर्ने सवालमा यो रणनीति मौन छ ।*
- ***चार वटा आयामहरु, ३५ क्षेत्रहरु र २३१ वटा गतिविधिहरु समेटिएको यो रणनीति कार्यान्वियनकालागि वार्षिक ५० अरब खर्च अनुमान** गरिएको छ । कृषि विकास कोष स्थापना गर्ने भनिए पनि यो खर्चको स्रोत कसले कसरी जुटाउँछ र त्यसकालागि सरकार र दाताहरुको प्राथमिकता र प्रतिबद्धता के हो स्पष्ट छैन ।*

## सुझावहरु

नेपालका नीति-निर्माताहरूले विगतका सफलता र असफलताबाट सिक्दै उच्च बाह्यस्रोतमा आधारित कृषि प्रणालीभन्दा न्यून बाह्यस्रोतमा आधारित कृषि पद्धतिको नीति अपनाउन आवश्यक छ । आप्रवास, शहरीकरण, खाद्यान्न आयात, भूमिको वितरण जस्ता पक्षसङ्ग सोझै जोडिएको विषय हो, कृषि पद्धति । यसमा किसानका अधिकार र उनका स्वभिमान पनि जोडिएका हुन्छन् । कुनै पनि दीर्घकालीन रणनीतिले सानो भू-क्षेत्रको तात्कालिक उत्पादन मात्र नहेरेर समग्रमा कालान्तरसम्म लाभ हुन्छ कि हुन्न भन्ने कुरा सङ्गसङ्गै हेर्नु पर्ने हुन्छ । स्थानीय अर्थतन्त्रको जग कृषिक्षेत्रको दिगो विकास बिना बहुसंख्यामा रहेका महिला, साना तथा भूमिहीन किसान समुदायको उन्नति सम्भव छैन । यो मर्मलाई आत्मसात गर्न नसकिए यो रणनीति कागजमा मात्र सीमित हुनेछ । यो रणनीतिमा परिमार्जनकालागि यहाँ केहि ठोस सुझाव प्रस्तुत गरिएका छन्:

- *नेपाल जस्तो भौगोलिक तथा वातावरणिय विविधता रहेको देशमा कृषि नीति देशको जैविक क्षेत्रियता तथा साँस्कृतिक परिस्थिति सापेक्ष हुनुपर्छ र यस्तो दीर्घकालीन रणनीति स्थानीय विशेषताका आधारमा स्थानीय तहमा योजना बनाउन प्रोत्साहन गर्ने किसिमको हुनु जरुरि छ ।*

- *हाम्रो देशमा, तराईका केही समथर मैदानमा बाहेक अन्यत्र उच्च लगानीको कृषि प्रणालीले आर्थिक प्रतिफल दिने देखिँदैन । झण्डै ८७ प्रतिशत पहाडी भू-भाग भएको, एकतिहाइ शुष्क कृषि प्रणालीमा रहेको, छरिएको र सानो आकारको जमिन भएका, न्यून आय रहेका बहुसँख्यक साना किसानहरु भएको हाम्रो जस्तो मुलुकमा अनुदानमा भरपर्नुपर्ने उच्च लगानीको सघन खेती प्रणाली थेग्न सकिन्न । हाम्रो कृषि आकर्षक र प्रतिस्पर्धी बनाउन स्थानीय विशेषतामा आधारित उपजमा नै जोड दिनु पर्छ । यो कुरा स्थानीय रुपमा उत्पादन वृद्धि गर्न पनि महत्वपूर्ण छ किनभने स्थानीय रुपमा खाद्यान्न उपलब्ध नभएसम्म खाद्य सङ्कटबाट मुक्तिपाउन सजिलो छैन ।*
- *माथि भनिए अनुसारको पद्धति प्रोत्साहितगर्न कृषिक्षेत्रले स्थानीय विशेषता अनुरुपका ज्ञान, प्रविधि र सामग्रीमा लगानीको माग गर्दछ । हाम्रो रणनीतिले माध्यमिक प्रविधि र स्थानीय विशेषता अनुसारका बालीको उत्पादन र बजारीकरणमा लगानी गर्नुपर्दछ । यसले स्थानीय अर्थतन्त्र बलियो बनाउनुका साथै गैरकृषिक्षेत्रको विकासका आधार निर्माण गर्न योगदान पुऱ्याउँछ ।*
- *अहिले जलवायु परिर्वतन, कृषि क्षेत्रमा देखिएको मानवसिर्जित एक ठूलो पर्यावरणीय चुनौती बनेको छ । कृषिका संरचना तथा प्रविधिहरूलाई जलवायुमा आएको परिवर्तनसँगै अनुकूलन नगरी अबको कृषि बचाउन कठिन छ । जलवायु जोखिमको उपयुक्त मूल्याङ्कन नभएसम्म जलवायु परिवर्तनलाई सम्बोधनगर्ने प्रभावकारी योजना र कार्यक्रम बनाउन कठिन छ ।*

- *एकातिर खेति गर्न चाहने वा अन्य विकल्प नभएका परिवारको जमिन छुँदै छैन वा अत्यन्त न्यून छ भने अर्को तिर खेतियोग्य भूमि बाँझो रहने क्रम बढ्दो छ । खेतियोग्य जमिनको प्रयोग गैरकृषि कार्यकालागि बढ्दो रुपमा भइरहेको छ । भूवितरण दशकौँदेखि राजनैतिक दलहरुले समर्थन जुटाउन प्रयोगगर्ने नारामा सीमित भएको छ । कृषि रणनीतिपत्रले भुमिसुधार र कृषिविकासका कुरालाईसङ्गै लैजानुपर्दछ । यसकालागि रणनीतिले स्पष्ट कार्ययोजना अगाडि आउनु पर्छ ।*

## आह्वान

अन्त्यमा, कृषि देशको समग्र विकास प्रक्रियाको केन्द्रमा रहनु पर्छ र कृषि विकासको रणनीति कृषि मन्त्रालयको दस्तावेजमा सीमित नभएर कृषिका सर्वाङ्गीण पक्षहरुलाई सम्बोधन गर्ने हुनुपर्दछ भन्ने हाम्रो आग्रह हो । यसकालागि व्यापक बहस र सहमति आवश्यक छ । उदाहरणकालागि अन्तरिम संविधानमा कानुन बनाइ लागूगर्ने भनिएको खाद्य सम्प्रभुता सम्बन्धी कानुन हालसम्म बन्न सकेको छैन । त्यस्तै, दुईवर्ष अगाडि तयार गरिएको भूउपयोग नीतिको कानुनी आधार अझै बनिसकेको छैन । यस्ता कति प्रावधानहरुले संविधानमा नै उल्लेख गरिनुपर्ने विषयको माग पनि गर्लान् । यो समय यस्तो रणनीतिमा सहमति जुटाउने उपयुक्त अवसर हो ।

यस रणनीतिका बारेमा हाम्रो सरोकार र सुझाव हामीले कृषि विकास मन्त्रालयमा प्रस्तुत पनि गरिसकेका छौँ । हामी, बहुसङ्ख्यामा रहेका महिला, साना र भूमिहिन किसानलाई केन्द्रमा राखेर मात्र दिगो खाद्य तथा कृषि प्रणालीको विकास गर्नसकिने कुरालाई आत्मसात गर्दै सबै राजनैतिक पार्टीहरु, दातृनिकायहरु, गैरसरकारी संस्थाहरु, नागरिक समाज, सञ्चारजगत र सम्पूर्ण किसान समुदायलाई अहिले तयार पारिएको कृषि रणनीति परिमार्जनगरी उपयुक्त कृषि रणनीति बनाउन प्रतिबद्धहुन आह्वान गर्दछौँ ।

## खाद्यका लागि कृषि अभियान

यो महिला, साना किसान र भूमिहिन किसानका खाद्य, भूमि, कृषि र जलवायु जोखिम जस्ता सवालहरुमा कार्यमूलक अनुसन्धान, नीतिगत बहस र जनवकालतमा हातेमालो गर्ने उदेश्य लिएका किसान संगठनहरु, अन्तराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्था र नागरिक समाजको साझा अभियान हो ।

## कृषक समूह महासंघ

साना तथा भूमिहिन किसानको हितमा काम गर्ने कृषि तथा पशु समूह र कृषि सहकारीको छाता संगठन कृषक समूह महासंघ एक आत्मनिर्भर, गैर सरकारी, गैर राजनितीक र गैर नाफामुखी सामाजिक संस्था हो जसभित्र हालसम्म ३००० सदस्य समूह, ३०० भन्दा बढी गाविस महासंघ र २५ जिल्ला महासंघ रहेका छन् ।

## भूमि अधिकार मंच

राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल भूमिअधिकारबाट बञ्चितहरुको संगठन हो । उत्पादनका साधनको अभावमा चरम गरिबी र शोषण भोगिरहेका सुकुम्बासी, भूमिहिन, मोही, हलिया, हरुवा-चरुवा, मुक्त कमैया, साना किसानहरु मञ्चमा संगठीत छन् । हाल यो संगठनको ५३ जिल्ला र २७४१ गाउँ भूमि अधिकार मञ्च भूमि लगायतका आधारभुत अधिकार प्राप्तिको अभियानमा क्रियाशिल छन् ।